# त्रिभुवन विश्वविद्यालय
# व्यवस्थापन संकाय
# विशेष कार्यक्रम छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७९

त्रिभुवन विश्वविद्यालय ऐन, नियमावली तथा कार्यकारी परिषदको छात्रवृत्ति सम्बन्धी निर्णयको अधिनमा रही आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेजले दिदै आएको छात्रवृत्तिलाई व्यवस्थित र संस्थागत गर्न आवश्यक भएकाले विद्यापरिषद स्थायी समिति, व्यवस्थापन संकायको निर्णयानुसार उक्त संकायबाट सञ्चालित विशेष कार्यक्रमहरूको लागि तोकिएको छात्रवृत्ति व्यवस्थापन गर्ने प्रयोजनार्थ यो कार्यविधि तयार गरिएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "त्रि.वि. व्यवस्थापन संकाय विशेष कार्यक्रम छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७९" रहेको छ भने यस पश्चात कार्यविधि भनिएको छ।

(ख) यो कार्यविधि त्रि.वि.व्यवस्थापन संकाय अन्तर्गतको विद्यापरिषद स्थायी समितिबाट पारित भएको मितिबाट लागू हुनेछ।

**२.परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनुपर्छ।

(ख) "कार्यकारी परिषद" भन्नाले त्रि.वि. ऐन, २०४९ दफा (१३) बमोजिमको कार्यकारी परिषदलाई सम्झनु पर्छ।

(ग) "संकाय" भन्नाले विश्वविद्यालय अन्तर्गतको व्यवस्थापन संकायलाई सम्झनुपर्दछ।

(घ) "विद्यापरिषद स्थायी समिति" भन्नाले त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकाय अन्तर्गतको समितिलाई सम्झनुपर्दछ।

(ङ) "छात्रवृत्ति" भन्नाले नियम (४) बमोजिम विद्यार्थीहरुलाई दिइने छात्रवृत्तिलाई सम्झनुपर्दछ।

(च) "समिति" भन्नाले नियम (७) अनुसार गठित छात्रवृत्ति छनौट समितिलाई सम्झनुपर्दछ।

(छ) "शैक्षिक संस्था" भन्नाले त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकाय अन्तर्गतका आङ्गिक/सम्बन्धन प्राप्त क्याम्पस/कलेजलाई सम्झनुपर्दछ।

(ज) "विशेष कार्यक्रम" भन्नाले त्रि.वि. को नियमित कार्यक्रम बाहेक विश्वविद्यालयको केन्द्रीय कोषमा व्ययभार नपर्ने गरि विश्वविद्यालयबाट सम्बन्धन लिई शैक्षिक उपाधि दिने प्रयोजनको लागि शैक्षिक संस्थाहरुले सञ्चालन गरेको संकाय अन्तर्गतका कार्यक्रमलाई सम्झनुपर्दछ।

(झ) "विपन्न, दुर्गम, दलित, जनजाति, अपाङ्ग, मधेशी, मुस्लिम, सहिद तथा जनआन्दोलनका घाइते पीडित परिवार" भन्नाले नेपाल सरकारले सोही शीर्षकमा गरेको वर्गीकरणलाई सम्झनुपर्दछ।

**३.उद्देश्यः**

यो कार्यविधिको उद्देश्य शैक्षिक संस्थाहरुले प्रदान गर्ने छात्रवृत्तिलाई व्यवस्थित र संस्थागत गर्नु हुनेछ।

**४.छात्रवृत्तिको संख्याः**

शैक्षिक संस्थाहरुले विशेष कार्यक्रमका लागि प्रदान गर्ने छात्रवृत्तिको संख्या अनुसूची (२) बमोजिम हुनेछ ।

**५.छात्रवृत्तिको प्रकारः**

(क) त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकाय अन्तर्गतका आङ्गिक/सम्बन्धन प्राप्त क्याम्पस/कलेजले आफूले सञ्चालन गरेका विशेष कार्यक्रममा निम्नलिखित छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ ।

(अ) जेहेन्दार छात्रवृत्ति,

(आ) आरक्षित छात्रवृत्ति,

(ख) नियम (४) बमोजिमको छात्रवृत्तिलाई शतप्रतिशत कायम गरि ३० प्रतिशत पूर्ण खुल्ला रुपमा जेहेन्दार र ७० प्रतिशत सरकारी/सामुदायिक विद्यालयहरुबाट एसईई / एसएलसी उत्तीर्ण गरेका तथा आङ्गिक क्याम्पस बाट स्नातक उत्तीर्ण गरेका विद्यार्थीहरुका लागि प्राथमिकता क्रममा समावेश गर्ने गरि आरक्षित छात्रवृत्तिको रुपमा वितरण गरिनेछ ।

(ग) उपनियम (ख) बमोजिमको छात्रवृत्ति वितरण गर्दा अनुसूची (१) र (२) का आधारमा वितरण गरिनेछ ।

(घ) उपनियम (क) को खण्ड (अ) र (आ) बमोजिमको छात्रवृत्ति पाउने व्यक्तिको हकमा उक्त शैक्षिक संस्थाले परीक्षा शुल्क, सेवा शुल्क, रजिट्रेशन शुल्क बाहेक जम्मा शुल्कको **५ प्रतिशत शुल्क मात्र** लिन पाउने छन् ।

(ङ) जेहेन्दार छात्रवृत्ति प्रदान गर्दा प्रत्येक कार्यक्रममा सम्बन्धित क्याम्पस/कलेजले, प्रथम सेमेष्टरमा अनुसुची (१) बमोजिम र अन्य सेमेष्टरको हकमा अघिल्लो सेमेष्टरको परीक्षाको नतिजाको आधारमा नियम (५) को उपनियम (क) को खण्ड (अ) अनुसारको जेहेन्दार छात्रवृत्ति प्रदान गर्नेछ ।

(च) अनुसूची (१) को आधार तथा नियम (११) उपनियम (ग) बमोजिम छात्रवृत्तिको लागि छनौट गर्दा समेत समान अंक ल्याउने विद्यार्थी आवश्यक भन्दा बढी भएमा दामासाहीले छात्रवृत्ति प्रदान गरिनेछ ।

**६. कोटा हस्तान्तरण हुन सक्ने :**

यदि आरक्षित छात्रवृत्ति अन्तर्गतको कोटा रिक्त हुन आएमा नियम (५) को उपनियम (क) को खण्ड (अ) अनुसारको जेहेन्दार छात्रवृत्ति कोटामा थप हुनेछ ।

**७. छात्रवृत्ति छनौट समिति :**

(क) यस कार्यविधि अनुसार छात्रवृत्तिको उम्मेदवार छनौट गर्ने कार्यको लागि क्याम्पस/कलेज प्रमुखले आफ्नो वा निजले तोकेको व्यक्तिको संयोजकत्वमा अनिवार्य रुपमा सम्बन्धित कार्यक्रमको प्रमुख रहने गरि आवश्यकता र औचित्यताको आधारमा संख्या कायम गरि छात्रवृत्ति छनौट समिति गठन गर्न सक्नेछ ।

**प्रष्टिकरण :**

छात्रवृत्ति छनौट समितिमा रहनका लागि कुनै पनि व्यक्तिको छोराछोरी, दाजुभाइ, दिदी बहिनी तथा एकाघरका अन्य सदस्यहरु छात्रवृत्तिको उम्मेदवार भएको वा स्वार्थ बाझिने अवस्था भएको हुनुहुँदैन । यदि यस्तो अवस्था रहेमा निज व्यक्ति उक्त समितिको सदस्य हुन सक्नेछैन ।

(ख) यस कार्यविधि अनुसार क्याम्पस/कलेजमा भर्ना भई छात्रवृत्तिको लागि अनुसूची (३) बमोजिमको आवेदन दिएका उम्मेदवारहरूको योग्यता क्रम निर्धारण गरि विद्यार्थीहरुको विवरण सार्वजनिकीकरण गर्नु पर्नेछ ।

(ग) यस कार्यविधि अनुसार छात्रवृत्तिको उम्मेदवार छनौट भएका विद्यार्थीहरुको विवरण सार्वजनिकीकरण गरि भर्ना प्रक्रिया सकिएको १५ दिन भित्र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामावली आवश्यक कागजात सहित अनिवार्य रुपमा व्यवस्थापन संकाय डीनको कार्यालयमा पेश गर्नु पर्नेछ ।

**८. उम्मेदवार हुनको लागि आवश्यक न्युनतम योग्यता :**

छात्रवृत्ति दरखास्तको लागि देहाय बमोजिम योग्यता र सर्तहरु पुरा भएको हुनुपर्ने छ ।

(क) विभिन्न विषेश कार्यक्रमहरुको लागि विश्वविद्यालयले लिएको प्रवेश परीक्षा उत्तीर्ण गरि चाहेको क्याम्पस/कलेजमा भर्ना भई छात्रवृत्तिको लागि अनुसूची (३) बमोजिमको आवेदन दिएको हुनुपर्नेछ ।

(ख) आरक्षित छात्रवृत्ति अन्तर्गत स्नातक तहको लागि कक्षा १० देखि कक्षा १२ सम्म सरकारी/सामुदायिक विद्यालयमा अध्ययन गरि एसइइ र/वा एसलसी सरकारी/सामुदायिक विद्यालयबाटै तथा स्नातकोत्तर तहको लागि स्नातक तह आङ्गिक कलेजबाट उत्तीर्ण गरेकोलाई प्राथमिकता दिइनेछ । तर नियम (५) को उपनियम (क) को खण्ड (अ) अनुसारको छात्रवृत्तिको लागि यो खण्ड लागु हुनेछैन । साथै यस कार्यविधिको नियम (५) बमोजिम उपलब्ध हुने छात्रवृत्ति कोटामा जेसुकै भनिएको भएता पनि उपलब्ध छात्रवृत्ति कोटा रिक्त रहन गएको अवस्थामा जुनसुकै विद्यालय/क्याम्पसबाट अध्ययन गरि भर्ना भएका विद्यार्थीहरुलाई समेत योग्यता क्रम (Merit) का आधारमा छात्रवृत्ति उपलब्ध हुने व्यहोराको जानकारी सम्बन्धित सबैलाई सूचित गराउनु पर्नेछ ।

(अ) अनुसुची (१) बमोजिम आरक्षित र जेहेन्दार छात्रवृत्तितर्फ आवेदन दिएका विद्यार्थीहरूको लागि छुट्टाछुट्टै योग्यता क्रम (Merit List) सूची प्रकाशित गर्नुपर्नेछ ।

(आ) छात्रवृत्ति छनौट समितिले अनुसुची (१) बमोजिम छात्रवृत्तिको योग्यताक्रम सूचिमा समावेश भएका सफल उम्मेदवारहरु छनौट गरि छात्रवृत्तिको पहिलो सुचि (First Scholarship Awarded List) तीन दिनभित्र कबुलियतनामा गर्ने गरि प्रकाशित गर्नेछ । त्यसपछि पनि सिट बाँकी रहेमा फाराम भरेका तर छात्रवृत्ति प्राप्त गरिनसकेका उम्मेदवारहरुलाई दुई दिनभित्र कबुलियतनामा गर्ने गरि छात्रवृत्तिको दोस्रो सूचि (Second Scholarship Awarded List) प्रकाशित गर्नेछ । त्यसपछि पनि सिट रिक्त रहेमा उम्मेदवारहरुको अन्तिम पटक छात्रवृत्तिको तेस्रो सूचि (Third Scholarship Awarded List) आवश्यकताको आधारका प्रकाशित गर्नेछ ।

(इ) सरकारी विद्यालय र आङ्गिक क्याम्पसको लागि अनिवार्य भएता पनि संस्थागत/निजी विद्यालय तथा संम्बन्धन प्राप्त क्याम्पसबाट एसइइ र/वा एसएलसी र स्नातक उत्तीर्ण गरेका विद्यार्थीहरुका लागि निजले अध्ययन गरेको विद्यालय संस्थागत/निजी विद्यालय र सम्बन्धन प्राप्त क्याम्पस हो भनी प्रमाणित गरिएका कागजातहरु आवश्यक पर्नेछैन ।

(ग) उम्मेदवार नेपाली नागरिक हुनुपर्नेछ ।

(घ) नियम (५) को उपनियम (क) को खण्ड (आ) समूहको लागि दरखास्त दिने उम्मेदवारहरुले नेपाल सरकारले दुर्गम जिल्ला/क्षेत्र भनि/तोकेको जिल्ला/क्षेत्र मा स्थायी बसोबास गरि सोहि जिल्ला/क्षेत्रको सार्वजनिक विद्यालयमा कक्षा १० सम्म अध्ययन गरि एसइइ परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(ङ) छात्रवृत्तिको लागि तोकिएको योग्यताको न्युनतम तह नेपाल सरकारबाट मान्यता प्राप्त विद्यालय/क्याम्पसबाट उत्तीर्ण भएको मितिले ३ बर्ष भन्दा बढी अवधी (शैक्षिक प्रमाण पत्रमा उल्लेख भएको Completion Date बाट छात्रवृत्तिको सूचनामा उल्लेख गरिएको दरखास्त लगाउने अन्तिम दिनसम्म) नपुगेकाले मात्र दरखास्त पेश गर्न सक्नेछन् । तर शैक्षिक प्रमाण पत्रमा Completion Date (Year-Month-Date) खुलाएको प्रमाणित कपी समेत आवश्यक पर्नेछ ।

(च) नियम (५) को उपनियम (क) को खण्ड (आ) समूहको छात्रवृत्तिको लागि नेपाल सरकारको निर्णयानुसार "विपन्न, दुर्गम, दलित, जनजाति, अपाङ्ग, मधेशी, मुस्लिम, सहिद तथा जनआन्दोलनका घाइते पीडित परिवार" भनि सम्बन्धित निकाय/तहबाट सिफारिस लिई दरखास्तसाथ पेश गर्नुपर्नेछ ।

**९. उम्मेदवारले पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

(क) सबै प्रकारका छात्रवृत्तिका लागि दरखास्त दिदा देहायका कागजातहरु समेत पेश गर्नु पर्नेछ ।

(अ) नेपाली नागरिकताको प्रतिलिपि,

(आ) एसइइ र/वा एसएलसी वा ती परीक्षाहरु सरहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र तथा विद्यालयले दिएको चारित्रिक प्रमाणत्रको प्रतिलिपि,

(इ) कक्षा १२ वा प्रमाणपत्र तहको परीक्षाको प्राप्ताङ्कको एकिकृत अभिलेख (Transcript) र सम्बन्धित संस्थाले दिएको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(ई) स्नातक तहको परीक्षाको प्राप्ताङ्कको एकिकृत अभिलेख (Transcript) र सम्बन्धित क्याम्पसले दिएको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(ख) नियम (५) को उपनियम (क) को खण्ड (आ) समहको लागि दरखास्त दिने उम्मेदवारहरुले नियम (९) उपनियम (क) बमोजिमको कागजातका अतिरिक्त देहाय बमोजिमको सिफारिस पेश गर्नु पर्नेछ ।

(अ) नेपाल सरकारले दुर्गम जिल्ला/क्षेत्र भनि/तोकेको जिल्ला/क्षेत्रमा स्थायी बसोबास गरि सोहि जिल्ला/क्षेत्रको सरकारी/सामुदायिक विद्यालयमा कक्षा १० सम्म अध्ययन गरि एसइइ परीक्षा उत्तीर्ण गरेको सिफारिस ।

(आ) नियम (५) को उपनियम (क) को खण्ड (आ) समुहको छात्रवृत्तिको लागि नेपाल सरकारको निर्णयानुसार "विपन्न, दुर्गम, दलित, जनजाति, अपाङ्ग, मधेशी, मुस्लिम, सहिद तथा जनआन्दोलनका घाइते पीडित परिवार" भनि सम्बन्धित निकाय/तहबाट प्राप्त सिफारिस ।

**१०. उम्मेदवार छनौट गर्ने आधार :**

यस कार्यविधिले व्यवस्था गरे अनुसारको योग्यता पुगेका उम्मेदवारबाट रीतपूर्वक दरखास्त दिने उम्मेदवारहरुको लागि छात्रवृत्ति छनौट समितिले अन्तर्वार्ता, समुह छलफल, प्रस्तुतीकरण लगायतका परीक्षा समेत लिन सक्नेछ । उक्त परीक्षामा कम्तीमा पनि ४० प्रतिशत अङ्क प्राप्त गर्नुपर्ने छ । उम्मेदवारले प्राप्त गरेको अनुसूची (१) बमोजिमको अङ्क नै उम्मेदवार छनौट गर्ने आधार हुनेछ ।

**११. योग्यताक्रम प्रकाशित गर्ने :**

(क) यस कार्यविधिको नियम (१०) बमोजिम सञ्चालन गरिएको परीक्षामा अनुसूची (१) बमोजिम अङ्क प्राप्त गरेका उम्मेदवारको योग्यताक्रम सुची (Merit List) प्रकाशित गरिनेछ ।

(ख) उपनियम (क) अनुसार उत्तीर्ण भएका उम्मेदवारहरुले परीक्षामा प्राप्त गरेको अङ्कको आधारमा परीक्षा सकिएको एक दिन भित्र नियम (५) को उपनियम (क) को खण्ड (अ) र (आ) अनुसारको योग्यताक्रम सूची नियम (८) उपनियम (ख) को खण्ड (आ) बमोजिम प्रकाशन गरिनेछ ।

(ग) छात्रवृत्तिको योग्यताक्रम निर्धारण गर्दा अनुसूची (१) अनुसार गरिनेछ । तर प्राप्ताङ्क बराबर भई योग्यताक्रम निर्धारण गर्न नसकेमा उम्मेदवारको एकतह मुनी (कक्षा ८ वा कक्षा १०) को शैक्षिक योग्यतालाई आधार मानी योग्यताक्रम निर्धारण हुनेछ ।

**१२. छात्रवृत्ति प्राप्त विद्यार्थीले कवुलियत गर्नुपर्ने :**

(क) नियम (११) को उपनियम (क) अनुसार छनौट भएका उम्मेदवारहरुले निम्नलिखित शर्तहरु पालन गर्ने गरि कवुलियत गर्नुपर्नेछ ।

(अ) छात्रवृत्तिको लागि छनौट भएका विद्यार्थीहरुले सम्बन्धित कार्यक्रम र शैक्षिक संस्था परिवर्तन नगरि

तोकिएको शैक्षिक उपाधि हासिल गर्नुपर्नेछ ।

(आ) विश्वविद्यालय वा सम्बन्धित शैक्षिक संस्थाको प्रतिष्ठामा आँच पुर्‍याउने किसिमको कुनै पनि कार्य गर्न पाइने छैन ।

(इ) विशेष कार्यक्रम अन्तर्गत छात्रवृत्तिमा अध्ययन गरेको विद्यार्थीले प्रत्येक सेमेष्टरको अन्तिम परीक्षा उत्तीर्ण भई कम्तिमा SGPA 2.00 कायम गर्नु पर्नेछ अन्यथा उक्त विद्यार्थीको तत्पश्चातको सेमेष्टरबाट छात्रवृत्ति स्वतः रद्द हुनेछ तर त्यस्ता विद्यार्थीहरुले शुल्क तिरी आफ्नो अध्ययन भने जारी राख्न सक्नेछन् । त्यसरी अध्ययन जारी राखे पश्चात् पुनः न्युन्तम SGPA कायम गरे पनि बाँकी समयको छात्रवृत्ति भने उपलब्ध हुनेछैन । सो सम्बन्धिको जानकारी सम्बन्धित शैक्षिक संस्थाले व्यवस्थापन संकाय, डीनको कार्यालयलाई गराउनुपर्नेछ ।

(ई) जुनसुकै कारणवश कुनै विद्यार्थीको छात्रवृत्ति रद्द भएको अवश्थामा विद्यार्थी संख्या समायोजन पश्चात उक्त शैक्षिक संस्थाले नियम (८) को आधारमा नियम (४) बमोजिमको संख्या कायम हुने गरि छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ र सो को जानकारी सम्बन्धित निकायले व्यवस्थापन संकाय, डीनको कार्यालयलाई गराउनुपर्नेछ ।

(ख) यदि कुनै कारणवश छात्रवृत्तिमा अध्ययनरत विद्यार्थी अर्को शैक्षिक संस्थामा स्थानान्तरण भइ गएमा त्यस्ता विद्यार्थीहरुको छात्रवृत्ति कायम रहने छैन तर शुल्क तिरी आफ्नो अध्ययन भने जारी राख्न सक्नेछन ।

**१३. विविध :**

(क) छात्रवृत्ति समितिको वैठक भत्ता विश्वविद्यालयको आर्थिक नियमावलीले तोके बमोजिम हुनेछ ।

(ख) यस कार्यविधि अनुसार संचालन गरिएको परीक्षाको उत्तरपुस्तिका/कागजात छ महिनासम्म सुरक्षित एवम् गोप्य रहनेछ ।

**१४. कार्यविधि व्याख्या र बाधा फुकाउने अधिकार :**

यो कार्यविधि व्याख्या र नियम प्रयोग गर्दा परेका बाधा अड्काउ फुकाउने अधिकार व्यवस्थापन संकाय, डीनको कार्यालयलाई हुनेछ ।

## अनुसूची (१)

## छात्रवृत्तिको योग्याताक्रम निर्धारण गर्ने आधार

### १.१. आधारभूत मूल्यांकन (स्नातक तह)

| क्र.स. | विवरण | आरक्षित | जेहेन्दार |
|---|---|---|---|
| १ | लिखित परीक्षा (CMAT) | २० % | ४० % |
| २ | अध्ययन गरेको शैक्षिक संस्था<br>(क) एसइइ (SEE) (सरकारी/सामुदायिक)<br>(ख) १२ कक्षा (सरकारी/सामुदायिक) | <br>१५ %<br>१५ % | |
| ३ | विपन्न | ५ % | |
| | महिला | ६ % | |
| | दुर्गम | १ % | |
| | दलित | २ % | |
| | जनजाति | २ % | |
| | अपाङ्गता | १ % | |
| | मधेशी समुदाय | १ % | |
| | मुस्लिम समुदाय | १ % | |
| | शहिद वा जनआन्दोलनका घाइते परिवार | १ % | |
| ४ | शैक्षिक उपलब्धि<br>(क) एसइइ (SEE) को GPA<br>(ख) १२ कक्षा को GPA | <br>१० %<br>२० % | <br>२० %<br>४० % |
| | जम्मा | १०० % | १०० % |

नोटः क्र.स. ४ को शैक्षिक उपलब्धि हिसाब गर्दा विद्यार्थीले +२ र स्नातक तहमा प्राप्त गरेको GPA लाई आरक्षिततर्फ क्रमशः २.५ र ५ ले तथा जेहेन्दारतर्फ ५ र १० ले गुणन गरि निकाल्नु पर्नेछ तर उक्त तहहरुको मूल्यांकन प्रणालीमा औषत ग्रेड अंक (GPA) ४.०० भन्दा फरक भएमा सोही समायोजन गरि बमोजिम गुणन गरि निकाल्नु पर्नेछ ।

## १.२. आधारभूत मूल्यांकन (स्नातकोत्तर तह)

| क्र.स. | विवरण | आरक्षित | जेहेन्दार |
|---|---|---|---|
| १ | लिखित परीक्षा (CMAT) | २० % | ४० % |
| २ | अध्ययन गरेको शैक्षिक संस्था<br>(क) १२ कक्षा (सरकारी/सामुदायिक)<br>(ख) स्नातक तह (आङ्गिक) | <br>१५ %<br>१५ % | |
| ३ | विपन्न | ५ % | |
| | महिला | ६ % | |
| | दुर्गम | १ % | |
| | द्यलित | २ % | |
| | ज्नजाति | २ % | |
| | अपाङ्गता | १ % | |
| | मधेशी समुदाय | १ % | |
| | मुस्लिम समुदाय | १ % | |
| | शहिद वा जनआन्दोलनका घाइते परिवार | १ % | |
| ४ | शैक्षिक उपलब्धि<br>(क) १२ कक्षा को GPA<br>(ख) स्नातक तहको CGPA | <br>१० %<br>२० % | <br>२० %<br>४० % |
| | जम्मा | १०० % | १०० % |

नोटः क्र.स. ४ को शैक्षिक उपलब्धि हिसाब गर्दा विद्यार्थीले +२ र स्नातक तहमा प्राप्त गरेको GPA लाई आरक्षिततर्फ क्रमशः २.५ र ५ ले तथा जेहेन्दारतर्फ ५ र १० ले गुणन गरि निकाल्नु पर्नेछ। तर उक्त तहहरुको मूल्यांकन प्रणालीमा औषत ग्रेड अंक (GPA) ४.०० भन्दा फरक भएमा सोही अनुसार समायोजन गरि बमोजिम गुणन गरि निकाल्नु पर्नेछ।

## अनुसूची (२)
## छात्रवृत्तिको संख्या निर्धारण गर्ने आधार

### २.१ प्रति सेक्सन छात्रवृत्ति कोटाको वितरण

त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकाय अन्तर्गतका आङ्गिक/सम्बन्धन प्राप्त क्याम्पस/कलेजमा त्रि.वि. सभा तथा कार्यकारी परिषदले तोके बमोजिम प्रति सेक्सन ३०+३ गरि ३३ सिट वा ४०+४ गरि ४४ सिट विद्यार्थी भर्ना कोटा विद्यमान रहेको अवस्थामा निम्नबमोजिमको संख्यामा छात्रवृत्ति कोटाको वितरण गर्नु पर्नेछ । अतिरिक्त सेक्सनहरु थप भएको अवस्थामा नियम (५) उपनियम (ख) लाई आधार मानि छात्रवृत्ति संख्या थप गर्नु पर्नेछ ।

| प्रति सेक्सन विद्यार्थी संख्या | ३३ जना | ४४ जना | कैफियत |
|---|---|---|---|
| आरक्षित छात्रवृत्ति संख्या | २ जना | ३ जना | |
| जेहेन्दार छात्रवृत्ति संख्या | १ जना | १ जना | |
| जम्मा छात्रवृत्ति संख्या | ३ जना | ४ जना | |

### २.२ कोटा भन्दा कम संख्यामा विद्यार्थी भर्ना भएमा

यदि क्याम्पस/कलेजमा कोटा भन्दा कम संख्यामा विद्यार्थी भर्ना भएमा निम्नबमोजिको संख्यामा छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । यसरी संख्या गणना गर्दा ०.५ देखि माथिलाई माथिल्लो पूर्ण संख्यामा र ०.४ सम्मकोलाई तल्लो पूर्ण संख्यामा गणना गर्नु पर्नेछ तर यसरी संख्या गणना गरि छात्रवृत्ति प्रदान गर्दा अनुसूची (२.१) बमोजिमको संख्यामा कम हुन सक्ने छैन । विद्यार्थी भर्ना संख्या थप भएको अवस्थामा यसै तालिका बमोजिम छात्रवृत्ति संख्या थप गर्नु पर्नेछ ।

| विद्यार्थी भर्ना संख्या | ४ सम्म | ५ देखि १४ सम्म | १५ देखि २४ सम्म | २५ देखि ३४ सम्म | ३५ देखि ४४ सम्म |
|---|---|---|---|---|---|
| छात्रवृत्ति संख्या | ० | १ | २ | ३ | ४ |

**पुनश्चः** यस कार्यविधिमा माथि जुनसुकै कुरा उल्लेख गरेको भएता पनि विद्यार्थी भर्नाको कोटा प्रति सेक्सन ३३ वा ४४ भन्दा बाहेक भएको अवस्थामा उक्त कार्यक्रमको सम्बन्धन लिदाका बखत निर्धारण भएको छात्रवृत्तिको संख्यालाई यस कार्यविधिको व्यवस्थाले कुनै बाधा पुर्‍याउने छैन ।

| |
|---|
| कार्यालय प्रयोजनको लागि<br>दर्ता नं :<br>दर्ता मिति :<br>भर्ना रसिद नं :<br>भर्ना रोल नं : |

| |
|---|
| दुवै कान देखिने खिचेको पासपोर्ट साइजको फोटो टाँसी मुखाकृति नबिग्रने गरी फोटो फारममा पर्ने गरी परीक्षार्थीले दस्तखत गर्ने |

**अनुसूची (३)**

**छात्रवृत्ति दरखास्त फारम**

मिति :

श्री ……………………………………क्याम्पस,
काठमाडौं ।

त्यस क्याम्पसबाट मिति…………………………………………गते प्रकाशित सूचना अनुसार निम्न बमोजिम विवरण सहित छात्रवृत्तिको लागि दरखास्त पेश गरेको छु ।

१. नाम, थर (**नोटः नाम र थर बीचको एक कोठा खाली छोड्नुहोस । अंग्रेजीमा सबै BLOCK LETTER मा लेख्नुहोला**) ।

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **देवनागरिः** | | | | | | | | | | | | | | | | | | | | |
| **अंग्रेजीः** | | | | | | | | | | | | | | | | | | | | |

२. नागरिकता नम्बर……………………जारी भएको जिल्ला…………………जारी भएको मिति…………………

३. लिङ्गः क. स्त्री ख. पुरुष ग. अन्य

४. स्थायी ठेगाना : ……………………………………………………………………………………………

५. हालको ठेगाना : ……………………………………………………………………………………………

६. सम्पर्क फोन नं. :……………………………………………इमेल ठेगाना :………………………………………

७. अध्ययन गर्न चाहेका कार्यक्रम :…………………………………………………

८. बाबुको नाम :…………………………………………………

९ आमाको नाम :…………………………………………………

१०. स्थानीय अभिभावकको नाम :………………………………

११. आफूले जुन प्रकारको विद्यालय/क्याम्पसबाट अध्ययन गरि उक्त तह उत्तीर्ण गर्नु भएको हो सोहीमा गोलो (O) चिन्ह लगाउनुहोस् ।

| | |
|---|---|
| ११.१ कक्षा १० | क. सरकारी/सामुदायिक |
| | ख. संस्थागत/निजी |
| ११.२. कक्षा १२ | क. सरकारी/सामुदायिक |
| | ख. संस्थागत/निजी |
| ११.३. स्नातक तह | क. आङ्गिक |
| | ख. सम्बन्धन प्राप्त |

१२. शैक्षिक योग्यता सम्बन्धी विवरण

| उत्तीर्ण गरेको परीक्षा | शिक्षण संस्थाको नाम र ठेगाना | उत्तीर्ण साल | पुर्णाङ्क | प्राप्ताङ्क/CGPA | प्रतिशत/ग्रेड | कैफियत |
|---|---|---|---|---|---|---|
| १२.१.कक्षा १० | | | | | | |
| १२.२. कक्षा १२ वा सो सरह | | | | | | |
| १२.३. स्नातक तह | | | | | | |

१३. आफुले कुन प्रकारको छात्रवृत्तिमा आवेदन दिन चाहेको हो सोहीमा गोलो (O) चिन्ह लगाउनुहोस् ।

| | |
|---|---|
| १३.१ छात्रवृत्ति प्रकार | अ. जेहेन्दार छात्रवृत्ति<br>आ. आरक्षित छात्रवृत्ति |
| १३.२ आरक्षित समुहमा पर्ने भए कोष्ठमा गोलो (O) चिन्ह लगाउनुहोस ।<br>**क**. विपन्न **ख**. महिला **ग**. दुर्गम<br>**घ**. दलित **ङ**. जनजाती **च**. अपाङ्ग<br>**छ**. मधेशी समुदाय **ज**. मुस्लिम समुदाय<br>**झ**. शहिद वा जनआन्दोलनका घाइते परिवार | त्रि.वि. छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७९ को नियम (५) बमोजिम उपलब्ध हुने छात्रवृत्ति कोटामा सरकारी/सामुदायिक विद्यालयहरुबाट एसईई र/वा एसएलसी उत्तीर्ण गरेका तथा आङ्गिक क्याम्पसबाट स्नातक उत्तीर्ण विद्यार्थीहरुलाई प्राथमिकतामा राख्नुपर्ने भनिएता पनि उपलब्ध छात्रवृत्ति कोटा रिक्त रहन गएको अवस्थामा जुनसुकै विद्यालय/क्याम्पसमा अध्ययन गरि उत्तीर्ण भएका विद्यार्थीहरुलाई समेत योग्यता क्रम (Merit) का आधारमा छात्रवृत्ति उपलब्ध गराइने शर्तमा आवेदन पेश गर्ने । |

१४. निम्नबमोजिमका कागजपत्रहरु संलग्न गरि गोलो (O) चिन्ह लगाउनुहोस । साथै तल उल्लेखित बुँदा नं. ४ मा भनिएका कागजातहरु संस्थागत/निजी/निजी विद्यालयमा अध्ययन गर्नेले गर्नुपर्दैन ।

| | |
|---|---|
| १. आवेदन दस्तुर बुझाएको रसिद | २. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि |
| ३. कक्षा १० र १२ को लब्धाङ्कपत्र/ट्रान्सक्रिप्ट (स्नातक तहको लागि) र कक्षा १२ र स्नातक तहको लब्धाङ्कपत्र/ट्रान्सक्रिप्ट (स्नातकोत्तर तहको लागि) प्रमाणित प्रतिलिपि | ४. कक्षा १० र १२ अध्ययन गरेको विद्यालय सार्वजनिक/सामुदायिक हुनुका साथै नेपाल सरकारको अनुदानमा संचालन भएको विद्यालय हो भनि तथा स्नातक अध्ययन गरेको क्याम्पस आङ्गिक हो भनि सिफारीस पत्र |
| ५. आरक्षित समूहको लागि सम्बन्धित निकाय/तहबाट सिफारीस पत्र | |

मथि उल्लेखित विवरण र पेश गरिएका कागजातहरु सबै ठीक छन् । झुट्टा ठहरिए प्रचलित कानुन बमोजिम सजाय भोग्न तयार छु । साथै रित नपुगेको निवेदन कुनै पनि समयमा रद्द गरिएमा कहि कतैं गुनासो वा उजुर वाजुर गर्नेछैन । साथै त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय विशेष कार्यक्रम छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७९ मा भएको व्यवस्था अनुसार छात्रवृत्तिको आवेदन माग गरिएको कुरा मैले बुझेको छु र यसमा मेरो मञ्जुरी रहेको छ ।

उम्मेदवारको ल्याप्चे
दायाँ वायाँ

उम्मेदवारको दस्तखत :
मिति : २० / /

**अनुसूची (४)**

मितिः

श्री ...............................................

..................................................क्याम्पस

काठमाडौं ।

विषय : **<u>सार्वजनिक विद्यालय/आङ्गिक क्याम्पसबाट उत्तीर्ण गरेको सिफारिस</u>**

उपरोक्त सम्बन्धमा श्री .................................. को नाती/नातिनी श्री .................................. को छोरा/छोरी............................................ जिल्ला ........................... गा.पा./न.पा./उप.म.न.पा./म.न.पा ........ वडा बस्ने बर्ष ...... को श्री/सुश्री/श्रीमती ..................................... मिति ........................ देखि ...............................सम्म...................................................................विद्यालय/क्याम्पसमा अध्ययन गरि एसइइ/एसएलसी (कक्षा..........)/स्नातक तह उत्तीर्ण गरेका विद्यार्थी हुन् । यो विद्यालय/क्याम्पस सार्वजनिक विद्यालय/ आङ्गिक क्याम्पस हुनुका साथै नेपाल सरकारको अनुदानमा संचालन भएको जानकारी गराइन्छ । माथि लेखिएको व्यहोरा ठिक साँचो छ, झुठा ठहरे कानुन बमोजिम सहुँला बुँझाउला ।

कार्यालयको छापः

सिफारिस गर्नेको :-

सहीः

नामः

पदः

कार्यालयः

## अनुसुची (५)

**कबुलियतनामा**

श्री.........................................को नाती/नातिनी श्री..............................को छोरा/छोरी.....................
जिल्ला.........................गा.पा./न.पा./उ.म.न.पा./म.न.पा..........वडामा मिति...........................जन्म भएको म.................................. ................................. त्रिभुवन विश्वविद्यालयको आङ्गिक/सम्बन्धन प्राप्त..........................................क्याम्पसको.................................कार्यक्रममा मिति...........................
मा भर्ना भई छात्रवृत्तिको लागि समेत छनौट भएकोले त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय विशेष कार्यक्रम छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७९ को नियम (१२) बमोजिमका सर्तहरु पालन गर्ने गरि यो कबुलियतनामा गरि क्याम्पस मार्फत त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय डीनको कार्यालय, कीर्तीपुर, काठमाडौंमा बुझाँए ।

छात्रवृत्ति पाउनेको :
सही :
नाम :
ठेगाना :
मिति :